# जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि-२०७९

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग ,काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

## जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि-२०७९

प्रमाणिकरण मितिः२०७९/११/१२

**प्रस्तावनाः** संघीय लोकतान्त्रिक गणतन्त्र प्रासिका लागि भएका जनयुद्ध ,जनआन्दोलन लगायतका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहीद,मृतक ,बेपत्ता परिवारलाई द्धन्दको पीडा कम गर्न "जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवारमा  साथ चौंरीदेउराली गाउँपालिका" भन्ने नाराका साथ जनयुद्ध ,जनआन्दोलनमा शहिद,मृतक तथा वेपत्ता पारिएका व्यक्ति वा तिनका परिवारलाई जीवन निर्वाह आर्थिक सहायता राहत अनुदान कार्यक्रममा सहयोग गर्ने अभिप्रायले आ.व २०७९/८० को नीति,कार्यक्रम तथा वजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न चौंरीदेउराली गाउँपालिकाले यो कार्यविधि बनाई कार्यान्वयनमा ल्याइएको छ ।

### १.संक्षिप्त नाम र प्रारम्भः

१.यस कार्यविधिको नाम जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि-२०७९ रहेको छ ।

२.यो कार्यविधि चौंरीदेउराली कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २.परिभाषाः

१."शहिद,मृतक ,वेपत्ता परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनाहरुमा जीवन उत्सर्ग गर्ने शहीद,मृतक तथा वेपत्ता पारिएका परिवार भन्ने सम्झनु पर्दछ ।

२."परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहीद,मृतक तथा वेपत्ता पारिएका परिवारसँग वस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति,पत्नी ,छोरा,छोरी नातिनातिना,बाबुआमा  वा सो शब्दले पुरुष र महिलाको हकमा बाजेबज्यै तथा विवाहित महिलाको हकमा निजको सासु /ससुरा समेलतलाई जनाउँछ ।

३."चौरीदेउराली" भन्नाले चौरीदेउराली गाउँपालिका सम्झनु पर्दछ ।

४."सहायता प्राप्त गर्ने व्यक्ति" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहीद,मृतक तथा वेपत्ता पारिएका परिवारका व्यक्ति भन्ने सम्झनु पर्दछ ।

### ३.सहायताको लागि निवेदन दिनुपर्ने

१.यस कार्यविधि बमोजिम सहायता प्राप्त गर्नका लागि जनयुद्ध,जनआम्दोलन लगायतका राजनैतिक आन्दोलनहरुमा शहीद,मृतक तथा वेपत्ता परिवारले अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्छ ।

२.दफा ३ बमोजिम प्राप्त निवेदनका आधारका चौरीदेउराली गाउँकार्यपालिका कार्यालयले सहायता प्राप्त गर्ने परिवार र व्यक्तिको सूची प्रकाशन गर्नेछ ।

## ४.सहायताको सीमाः

यस कार्यविधि बमोजिम सहायता प्राप्त गर्न देहाय बमोजिम अनुदान रकम पाउनेछन ।

१. "शहिद,मृतक ,वेपत्ता परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनाहरुमा जीवन उत्सर्ग गर्ने शहीद,मृतक तथा वेपत्ता पारिएका परिवारका एक जनाको दरले प्रतिव्यक्ति प्रति महिना रु ३०००/- (तीन हजार) दरले जीवन निर्वाह आर्थिक राहत उपलब्ध गराइनेछ ।

## ५.सहायता प्राप्त गर्ने कार्यविधिः

१.यस कार्यविधि बमोजिम सहायता जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक बाट प्राप्त अभिलेखलाई आधार मानी चौरीदेउराली भित्रका दफा ३ को उपदफा २ बमोजिम सूचीमा समावेश भएका परिवारका व्यक्तिलाई मात्र वितरण गरिनेछ ।

तर यस व्यवस्थाले जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको अभिलेखका नरहेको हकमा सत्य निरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्र पेश गरेको व्यक्तिलाई सहायता रकम उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

२.यस कार्यविधि बमोजिम सहायत प्राप्त गर्ने व्यक्तिले सहायत माग गर्दा अनुसुचि १ बमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरी चौरीदेउराली गाउँकार्यपालिका कार्यालयमा निवेदन पेश गर्नु पर्दछ ।

क.नेपाली नागरिकताको प्रतिलिपि

ख.आधिकारिक निकायबाट जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलन शहिद भएका तथा वेपत्ता पारिएका परिवार जारी भएको परिचय पत्र वा नेपाल सरकारको आधिकारिक निकायबाट सो व्यहोरा बमोजिमको व्यक्ति भनी सूचिकरण भएको पुष्टयाई कागजात।

ग.सम्बन्धित माग निवेदनसगँ पुष्टयाई हुने अन्य कागजातहरु ।

घ.चौरीदेउराली गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण ।

ङ.सम्बन्धित वडाको सिफारिस पत्र ।

**६.सहायता समितिः**

१.यस कार्यविधि बमोजिम सहायता सिफारिस गर्न र कार्यक्रमको सदुपयोग सुनिश्चता प्रदान गर्न देहाय बमोजिमको एक सहायता सिफारिस समिति हुनेछ ।

| | |
|---|---|
| क.अध्यक्ष,चौरीदेउराली गाउँपालिका | संयोजक |
| ख.उपाध्यक्ष, चौरीदेउराली गाउँपालिका | सदस्य |
| ग.प्रमुख प्रशासकीय अधिकृत, चौरीदेउराली गाउँपालिका | सदस्य |
| घ.कानुन शाखा चौरीदेउराली गाउँपालिका | सदस्य |

ङ. प्रमुख प्रशासकीय अभिकृतले तोकेको कर्मचारीले सहायता समितिको सचिवको रुपमा सचिवको रुपमा काम गर्नेछ ।

२.सहायता समितिको काम,कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

क.प्राप्त हुन आएका निवेदन उपर छानमिन गर्ने

ख.मनासिब देखिएका निवेदन उपर तोकिए बमोजिम सहायता रकम उपलब्ध गराउन सिफारिस गर्ने ।

ग.सहायता रकम प्रभावकारिताको अनुगमन गर्ने ।

**७.वजेट निकासा प्रकृयाः** सहायता सिफारिस समितिको निर्णयबाट सिफारिस भई आएका निवेदन अनुसार लाभग्राहीलाई बैक खातामार्फत सहायता रकम उपलब्ध गराउने ।

**८.सहायता रकमको सीमाः** यस कार्यविधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमाभित्र रहेर उपलब्ध गराईनेछ ।

**९.दोहोरो सहायता लिन नहुनेः** संगोलमा वसेमा एक परिवारका लागि एक सदस्यलाई मात्र सहायता उपलब्ध गराइने छ । अशक्त ,एकल,र जेष्ठ नागरिक सुरक्षा भत्ता तथा निवृतिभरण पाउनेको हकमा यसले बाधा पुऱ्याएको मानिने छैन ।

**१०.झुठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारबाहीः** झुठा विवरण पेश गरी रकम सहायता लिएको पाइएमा सम्बन्धित व्यक्तिबाट वुझि लगेको रकम र झुठा विवरण पेश गरी लिएको रकम असुल उपर गरिनेछ ।

**अनुसूची १**

**दफा ५ को उपदफा (२) सँग सम्बन्धित**

पासपोर्ट साइजको फोटो

श्री संयोजक ज्यू,
सहायता सिफारिस समिति,
चौरीदेउराली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ढाडखर्क भञ्ज्याङ ,काभ्रेपलाञ्चोक

म राजनैतिक आन्दोलनमा शहिद,मृतक तथा वेपत्ता परिवार भएकाले "जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायत गर्ने सम्बन्धी कार्यविधि-२०७९" को दफा ३ बमोजिमको निम्न लिखित कागजात संलग्न गरी सहायता रकम उपलब्ध गराई दिनु निवेदन गर्दछु । यसमा लेखिएको व्यहोरा सही सत्य हुन । झुट्टा ठहरे बमोजिम सहुँला /बुझाउला ।

संलग्न कागजात
१.नेपाली नागरिकताको प्रतिलिपि १ प्रति ।
२.हालसालै खिचेको फोटोकपि २ प्रति ।
३. जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवार खुल्ने कागजात ।
४.चौरीदेउराली गाउँपालिका भित्र स्थायी बसोबास गरेको प्रमाण ।
५.सम्बन्धित माग पुष्टाई हुने अन्य कागजातहरु ।
६.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

बैक खाता सम्बन्धी विवरणः
बैकको नामः
शाखाः
खाता नः

निवेदकको नाम/थरः
ठेगानाः
दस्तखतः
मितिः
सम्पर्क नः